# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ६) हेटौंडा, नेपाल, साउन ३० गते, २०७९ साल (अतिरिक्ताङ्क १०

## भाग १

## बागमती प्रदेश सरकार

## आन्तरिक मामिला तथा कानून मन्त्रालय

## हेटौंडा, नेपाल

बागमती प्रदेशको प्रदेश सभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

### संवत् २०७९ सालको ऐन नं. ५

### केही प्रदेश ऐन संशोधन गर्न बनेको ऐन

**प्रस्तावनाः** प्रचलित केही प्रदेश ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले, बागमती प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, प्रारम्भः** (१) यस ऐनको नाम "केही प्रदेश ऐन संशोधन गर्ने ऐन, २०७९" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. **प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन,२०७४ मा संशोधनः** प्रदेशस्तरका केही सार्वजनिक लिखत प्रमाणीकरण ऐन, २०७४ को,-

(१) दफा ७ को उपदफा (१) को खण्ड (घ) मा रहेको "निर्देशिका" भन्ने शब्द पछि "कार्यविधि, मापदण्ड" भन्ने शब्दहरु थपिएका छन्।

(२) दफा ११ को,-

(क) उपदफा (१) को,-

(१) खण्ड (ख) मा रहेको "अधिकारपत्र" भन्ने शब्दको सट्टा "अधिकारपत्रको सूचना" भन्ने शब्दहरु राखिएका छन्।

(२) खण्ड (ग) मा रहेको "अन्तर्गत" भन्ने शब्द पछि "प्रदेश सरकार, मन्त्रिपरिषद्ले बनाएका निर्देशिका, कार्यविधि, मापदण्ड" भन्ने शब्दहरु थपिएका छन्।

(३) खण्ड (ङ) मा रहेको "सम्झौता" भन्ने शब्दको सट्टा "सम्झौताको सूचना" भन्ने शब्दहरु राखिएका छन्।

(ख) उपदफा (२) मा "नियम" भन्ने शब्द पछि "निर्देशिका, कार्यविधि, मापदण्ड वा आदेश" भन्ने शब्दहरु थपिएका छन्।

(३) दफा १२ को,-

(क) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छः-

"(१) सार्वजनिक लिखतको कसुर र दण्ड सजाय सम्बन्धी व्यवस्था प्रचलित मुलुकी अपराध संहिता, २०७४ बमोजिम हुनेछ।"

(ख) उपदफा (२), (३) र (४) खारेज गरिएको छ।

(४) दफा १३ खारेज गरिएको छ।

३. **<u>कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७५ मा संशोधन</u>**ः कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७५ को दफा ३९ को,-

(१) उपदफा (१) मा रहेको "उच्च" भन्ने शब्दको सट्टा "सम्बन्धित कर कार्यालय रहेको जिल्ला" भन्ने शब्दहरु राखिएका छन्।

(२) उपदफा (२) मा रहेको "उच्च" भन्ने शब्दको सट्टा "जिल्ला" भन्ने शब्द राखिएको छ।

४. **<u>प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ मा संशोधन</u>**ः प्रदेश स्वास्थ्य सेवा ऐन, २०७५ को,-

(१) दफा ३२ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (१), (२) र (३) को विपरीत कार्य गरेमा मुलुकी अपराध संहिता, २०७४ बमोजिम सजाय हुनेछ।"

(२) दफा ६६ को खण्ड (झ) हटाइएको छ।

(३) दफा ६७ को उपदफा (१) को खण्ड (झ) र उपदफा (२) हटाइएको छ।

(४) दफा ६८ हटाइएको छ।

(५) दफा ६९ को सट्टा देहायको दफा ६९ राखिएको छः-

"६९. **शुरु मुद्दा हेर्ने अधिकारीः** (१) यस ऐन अन्तर्गतको कसूर सम्बन्धी मुद्दाको शुरु कारबाही र किनारा गर्ने अधिकार मन्त्रालयको सचिवलाई हुनेछ।

(२) उपदफा (१) बमोजिम सचिवले कारबाहीको निर्णय गर्दा प्राविधिक समितिको सिफारिस लिन सक्नेछ।"

(६) दफा ७० को सट्टा देहायको दफा ७० राखिएको छः-

"७०. **पुनरावेदनः** दफा ६९ बमोजिम मन्त्रालयको सचिवले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैंतिस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ।"

५. **प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ मा संशोधनः** प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन,२०७५ को,-

(१) दफा ५१ को उपदफा (१) को खण्ड (ग) मा रहेको "साधन" भन्ने शब्द पछि "का लागि अठार वर्ष उमेर पूरा भएको" भन्ने शब्दहरू राखिएका छन्।

(२) दफा ५३ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) सवारी चालक अनुमतिपत्रको ट्रायलको हकमा मन्त्रालयले हालको व्यवस्थालाई स्वचालित

प्रणालीमा लैजान आवश्यक व्यवस्था गर्न सक्नेछ।"

(३) दफा ६८ पछि देहाय बमोजिमको दफा ६८क. थपिएको छः

"६८क. <u>सवारी चालक अनुमतिपत्रको अभिलेख राख्नु पर्नेः</u> मन्त्रालयले कम्प्युटर प्रणालीको विकास गरी विद्युतीय माध्यमबाट सवारी चालक अनुमतिपत्र सम्बन्धी कार्यको अभिलेख सुरक्षित राख्नु पर्नेछ।"

(४) ऐनको दफा १०७ पछि देहायको दफा १०७क. थपिएको छः-

"१०७क. <u>जफत सवारी सम्बन्धमाः</u> (१) ऐनको दफा १९४ को उपदफा (१) बमोजिम जफत गरिएका सवारी साधन प्रचलित कानून बमोजिम यातायात व्यवस्था कार्यालयले लिलाम गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यसरी जफत गरिएको सवारीलाई प्रदेश सरकारले निर्णय गरे बमोजिम नेपाल सरकार वा प्रदेश सरकारको पूर्ण स्वामित्व भएको संस्था वा सरकारी कार्यालय वा स्थानीय तहलाई प्रयोग गर्न दिन सक्नेछ।

(३) जफत सवारी सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।"

(५) दफा ११९ को सट्टा देहाय बमोजिमको दफा ११९ राखिएको छः-

"**११९. <u>टिकट नदिई यात्रा प्रतिबन्धः</u>** (१) कुनै पनि व्यक्तिलाई सवारी साधनमा यात्रा गराउँदा अनिवार्य टिकट जारी गर्नु पर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि लामो दुरीको यात्रामा यात्रुको नाम, थर, ठेगाना र गन्तव्य सहितको विवरण आधिकारिक टिकटमा नखुलाई यात्रा गराउन पाइने छैन।

(३) उपदफा (१) र (२) बमोजिम टिकटको सम्बन्धमा मन्त्रालयले कार्यविधि बनाई विद्युतीय भुक्तानीको व्यवस्था गर्न सक्नेछ। यसरी विद्युतीय माध्यमबाट भुक्तानीको व्यवस्था भएमा टिकट लिई यात्रा गरेको मानिनेछ।"

(६) दफा १७८ मा रहेको "ऐन" भन्ने शब्दको सट्टा "परिच्छेद" भन्ने शब्द राखिएको छ।

(७) दफा १९४ को,-

(क) उपदफा (१) मा रहेको "छ महिनासम्म कैद वा" भन्ने शब्दहरु हटाइएका छन्।

(ख) उपदफा (२) को,-

(१) खण्ड (ख) मा रहेको "९९" भन्ने अङ्क हटाई "८५" भन्ने अङ्कको सट्टा "८४" भन्ने अङ्क राखिएको छ।

(२) खण्ड (घ) हटाइएको छ।

(ग) उपदफा (४), (५), (६), (७) र (८) हटाइएका छन्।

(८) दफा १९५, १९६ र १९७ हटाइएका छन्।

(९) दफा १९८ को उपदफा (१) मा रहेको "प्रदेश सरकारलाई जानकारी हुन आएमा प्रदेश सरकारले कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणीको अधिकृतलाई" भन्ने शब्दहरूको सट्टा "मन्त्रालयलाई जानकारी हुन आएमा मन्त्रालयले कम्तीमा राजपत्रांकित तृतीय श्रेणी वा अधिकृतस्तर सातौं" भन्ने शब्दहरू राखिएका छन्।

(१०) दफा २१० को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) उपदफा (१), (२) र (३) बमोजिम पुनरावेदन दिनु परे मर्का पर्ने पक्षले सुरु निर्णय वा आदेशको सूचना पाएको मितिले पैंतिस दिनभित्र दिनु पर्नेछ।"

(११) दफा २११ हटाइएको छ।

(१२) दफा २१६को,-

(क) उपदफा (१) हटाइएको छ।

(ख) उपदफा (२) मा रहेको "दफा १४२ र" भन्ने अङ्क र शब्दहरु हटाइएका छन्।

(१३) दफा २२१ पछि देहायको दफा २२२ थपिएको छ।

"२२२. <u>कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेः</u> (१) प्रदेश सरकारले यस ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमको अधनीमा रही आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि, निर्देशिका तथा मापदण्ड प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।"

६. **<u>प्रदेश सहकारी ऐन, २०७६ मा संशोधन</u>**: प्रदेश सहकारी ऐन, २०७६ को,-

(१) दफा २ को खण्ड (ख) पछि देहायको खण्ड (ख१) थपिएको छः-

"(ख१) "कार्यालय" भन्नाले प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय सम्झनु पर्दछ।"

(२) दफा ७३ को,-

(क) उपदफा (१) मा रहेको "प्रदेश सहकारी विभाग" भन्ने शब्दहरुको सट्टा "कार्यालय" भन्ने शब्द राखिएको छ।

(ख) उपदफा (३) मा रहेको "प्रदेश सहकारी विभागको" भन्ने शब्दहरुको सट्टा "कार्यालयको" भन्ने शब्द राखिएको छ।

(३) दफा ९९ को सट्टा देहायको दफा ९९ राखिएको छः-

"९९. <u>कसूरः</u> दफा १०० को उपदफा (४), (५) र (६) बाहेक सहकारीको सम्बन्धमा अदालतबाट निरोपण हुने कैद वा कैद र जरिबाना दुबै हुने कसूरको विषय प्रचलित सङ्घीय सहकारी कानून बमोजिम हुनेछ।"

(४) दफा १०० को उपदफा (१), (२) र (३) हटाइएका छन्।

(५) दफा १०३ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

"(२) दफा १०० को उपदफा (४) र (५) बमोजिमको जरिबानामा चित्त नबुझ्ने पक्षले त्यस्तो निर्णयको जानकारी पाएको मितिले पैंतिस दिनभित्र देहाय बमोजिम पुनरावेदन गर्न सक्नेछः-

(क) रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले गरेको निर्णय उपर रजिष्ट्रार समक्ष,

(ख) रजिष्ट्रारले गरेको निर्णय उपर मन्त्रालयको सचिव समक्ष।"

(६) दफा १०४ मा रहेको "सम्बन्धी" भन्ने शब्द पछि "प्रचलित सङ्घीय तथा" भन्ने शब्दहरु थपिएका छन्।

(७) दफा १२३ को दफा शीर्षकमा रहेको "कार्यालयको" भन्ने शब्दको सट्टा "बोर्डको कार्यालय" भन्ने शब्दहरु राखिएका छन्।

(८) दफा १२५ को सट्टा देहायको दफा १२५ राखिएको छः-

**"१२५. <u>कार्यालयको स्थापनाः</u>** सहकारी संघ संस्थाहरुको नियमन, अनुगमन, प्रवर्द्धन तथा सहकारी सम्बन्धी प्रशिक्षण कार्य गर्नको लागि प्रदेश सरकारले प्रदेश सहकारी रजिष्ट्रारको कार्यालय स्थापना गर्न सक्नेछ।"

(९) दफा १२६ हटाइएको छ।

**७. <u>प्रदेश राष्ट्रिय वन ऐन, २०७६ मा संशोधनः</u>** प्रदेश राष्ट्रिय वन ऐन,२०७६ को,-

(१) दफा २ को खण्ड (ज्ञ) हटाइएको छ।

(२) परिच्छेद-४ शीर्षकमा रहेको "संरक्षित वन" भन्ने शब्दहरुको सट्टा "वन संरक्षण क्षेत्र" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा २८,२९ र ३० हटाइएका छन्।

(४) दफा ३० पछि देहायको दफा ३०क. थपिएको छः-

"३०क. **<u>वन संरक्षण क्षेत्रको व्यवस्थापनः</u>** (१) वन संरक्षणको घोषणा, कार्ययोजना, त्यस्तो क्षेत्रको व्यवस्थापन प्रचलित सङ्घीय वन सम्बन्धी कानून अनुसार हुनेछ।

(२) साबिकमा प्रदेशमा रहेका संरक्षित वन स्वतः वन संरक्षण क्षेत्रमा रुपान्तरण भएको मानिनेछ।"

(५) दफा ३१ को दफा शीर्षकमा रहेको "संरक्षित वनको" भन्ने शब्दहरुको सट्टा "वन संरक्षण क्षेत्रको" र सोही दफाको उपदफा (३) मा रहेको "संरक्षित वन" भन्ने शब्दहरुको सट्टा "वन संरक्षण क्षेत्र" भन्ने शब्दहरु राखिएका छन्।

(६) दफा ३२ को उपदफा (३) मा रहेको "संरक्षित वनको" भन्ने शब्दहरुको सट्टा "वन संरक्षण क्षेत्रको" भन्ने शब्दहरु राखिएका छन्।

८. **<u>प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ मा संशोधन</u>**: प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी ऐन, २०७६ को,-

(१) परिच्छेद-२ पछि देहायको परिच्छेद-२क. थपिएको छः-

**"परिच्छेद-२क.**

**<u>कम्पनी सम्बन्धी व्यवस्था</u>**

**९क.** **<u>व्यवसाय गर्न अनुमति लिनु पर्नेः</u>** (१) कुनै व्यवसाय गर्ने उद्देश्य लिई संस्थापित कम्पनीले प्रचलित कानून बमोजिम नियमन गर्ने निकायबाट दर्ता अनुमति लिएर मात्र व्यवसाय सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम दर्ता अनुमतिको लागि अनुसूची-२ बमोजिमको दर्ता दस्तुर संलग्न गरी तोकिए बमोजिमको ढाँचामा दरखास्त दिनु पर्नेछ।

(३) दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गरी निवेदकले कागजात पेस गरेको बढीमा पन्ध्र दिनभित्र तोकिए बमोजिमको ढाँचामा दर्ता अनुमतिपत्रको प्रमाणपत्र दिनु पर्नेछ।

९ख. **अनुमतिपत्रको अवधि र नवीकरणः** (१) यस दफा बमोजिम दर्ता भएका कम्पनीको व्यावसायिक अनुमतिपत्रको सुरु अवधि पाँच बर्षको हुनेछ र सो अवधि पूरा भए पश्चात नवीकरण गराउनु पर्नेछ। यसपछि नवीकरणको अवधि पाँच वर्षको हुनेछ।

(२) उपदफा (१) बमोजिम नवीकरण गराउँदा लाग्ने दस्तुर र जरीवाना अनुसूची-४ मा उल्लेख भए बमोजिम हुनेछ।

(३) यस दफा बमोजिम नवीकरण गराउन चाहने कम्पनीले देहायका कागजात संलग्न गरी दर्ता गर्ने निकायमा दरखास्त दिनु पर्नेछः-

(क) कर चुक्ताको प्रमाण पत्र,

(ख) तीस लाखभन्दा बढी अधिकृत पुँजी भएमा लेखा परीक्षण प्रतिवेदन,

(ग) कम्पनीको अद्यावधिक विवरण,

(घ) निकासी पैठारी गर्ने भए Exim Code,

(४) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनुअघि व्यापार व्यवसाय गर्ने गरी सञ्चालनमा रहेका कम्पनीले यो दफा प्रारम्भ भएको एक

वर्षभित्र वा कम्पनी अध्यावधिक गराउनु पूर्व जुन समय अघि आउँछ सोहीलाई आधार मानी अनुसूची-२ बमोजिमको दस्तुर तिरी यो ऐन बमोजिमको दर्ता अनुमतिपत्र लिनु पर्नेछ।

(५) यस परिच्छेद बमोजिम दर्ता एवं नवीकरण नगरी व्यापार व्यवसाय सञ्चालन गर्ने कम्पनीलाई दर्ता गर्ने निकायले कुनैपनि किसिमको सुविधा एवं अध्यावधिक विवरण उपलब्ध गराउने छैन।"

(२) दफा १५ को उपदफा (३) पछि देहायको उपदफा (४) थपिएको छः-

"(४) यस परिच्छेदमा जुनसुकै कुरा लेखिएको भए तापनि यो उपदफा प्रारम्भ हुँदाका बखतसम्म नवीकरण हुन नसकेका साझेदारी फर्मले यो उपदफा प्रारम्भ भएको नब्बे दिनभित्र लाग्ने दस्तुरमा प्रत्येक वर्ष लाग्ने सुरु दर्ता दस्तुरको शतप्रतिशत थप दस्तुर बुझाई नवीकरण गर्न निवेदन दिएमा दर्ता गर्ने निकायले एक पटकको लागि नवीकरण गरी दिन सक्नेछ । यसरी प्रदान गरिएको अवधिभित्र नवीकरण नगराएमा सम्बन्धित साझेदारी फर्म स्वतः खारेज हुनेछ र यसको अभिलेख दर्ता गर्ने निकायले अद्यावधिक गरी राख्नु पर्नेछ।"

(३) दफा १७ को उपदफा (१) को खण्ड (क) मा रहेको "तोकिएको अवधिभित्र" भन्ने शब्दहरुको सट्टा "दफा १५ बमोजिमको अवधिसम्म" भन्ने शब्दहरु राखिएका छन्।

(४) अनुसूची-२ मा रहेको "प्राइभेट/साझेदारी फर्म" भन्ने शब्दहरुको सट्टा "प्राइभेट/साझेदारी फर्म/व्यवसाय गर्ने कम्पनीको" भन्ने शब्दहरु राखिएका छन्।

(५) अनुसूची-४ मा रहेको "प्राइभेट फर्म" भन्ने शब्दहरुको सट्टा "प्राइभेट फर्म तथा व्यवसाय गर्ने कम्पनीको अनुमतिपत्र" भन्ने शब्दहरु राखिएका छन्।

(६) अनुसूची-४, ५ र ६ को "पुंजी" महल शीर्षकको सट्टा "स्थिर पुँजी" महल शीर्षक राखिएको छ।

९. **<u>प्रदेश औद्योगिक व्यवसाय ऐन,२०७६ मा संशोधन</u>**: प्रदेश औद्योगिक व्यवसाय ऐन,२०७६ को,-

(१) दफा २ को,-

(क) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छः-

"(ख) "उद्योग दर्ता गर्ने निकाय" भन्नाले दफा १५क. बमोजिमको उद्योग दर्ता गर्ने सम्बन्धित निकाय वा स्थानीय तह सम्झनु पर्छ।"

(ख) खण्ड (ज) पछि देहायको खण्ड (ज१) थपिएको छ :-

"(ज१) "प्रचलित कानून" भन्नाले सो सम्बन्धी कानून प्रदेशमा भए प्रदेश कानून र नभए सङ्घीय कानून सम्झनु पर्छ।"

(२) दफा ५ को,-

(क) उपदफा (२) को खण्ड (ङ) पछि देहायको खण्ड (ङ१) थपिएको छः-

"(ङ१) उद्योगको उद्देश्य,"

(ख) उपदफा (४) मा भएको "सर्तहरु" भन्ने शब्दको सट्टा "सर्त, विवरण एवं उद्देश्य" भन्ने शब्दहरु राखिएका छन्।

(३) दफा ९ को,-

(क) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छः-

"(३) उपदफा (२) बमोजिम निवेदन प्राप्त हुन आएमा उद्योग दर्ता गर्ने निकायले आवश्यक जाँचबुझ गर्दा अवधि बढाउने कारण मनासिब देखेमा त्यस्तो उद्योगको सञ्चालन वा व्यावसायिक उत्पादन वा कारोबार प्रारम्भ गर्ने अवधि तोकिए बमोजिम बढाउनेछ।"

(ख) उपदफा (५) मा भएको "गर्न सक्नेछ" भन्ने शब्दहरुको सट्टा "गर्नेछ।" भन्ने शब्द राखिएको छ।

(४) दफा ११ पछि देहायको ११क. थप गरिएको छः-

"११क. **उद्योगको पुँजी वृद्धि, क्षमता वृद्धि र उद्देश्य थप वा परिवर्तन गर्दा स्वीकृति लिनु पर्नेः** (१) कुनै उद्योगले आफ्नो विद्यमान पुँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न चाहेमा सोको स्वीकृतिको लागि सम्बन्धित उद्योग दर्ता गर्ने निकाय समक्ष तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा व्यहोरा मनासिब देखिएमा उद्योग दर्ता गर्ने निकायले तोकिए बमोजिमको प्रक्रिया पूरा गरी त्यस्तो उद्योगको पुँजी वृद्धि, क्षमता वृद्धि गर्न, उद्देश्य थप वा परिवर्तन वा हेरफेर गर्न नब्बे दिनभित्र स्वीकृति दिनु पर्नेछ।

त्यसरी पुँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेर गरेको कारणले उद्योगको वर्गीकरणमा परिवर्तन हुने भएमा सम्बन्धित उद्योगले सोको अभिलेख अद्यावधिक गराई उद्योग दर्ता प्रमाणपत्रमा जनाउन लगाउनु पर्नेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि लघु उद्यम वा सहमति लिनु नपर्ने एक करोड रूपैयाँसम्म स्थिर पुँजी भएको घरेलु तथा साना उद्योगले पुँजी वृद्धि वा क्षमता वृद्धि गर्दा उद्योग दर्ता गर्ने निकायको स्वीकृति आवश्यक पर्ने छैन।

तर त्यस्तो पुँजी वृद्धि वा क्षमता वृद्धि गर्न वा उद्देश्य थप वा परिवर्तन वा हेरफेरबाट वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने भएमा प्रचलित कानून बमोजिम सोको प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।

(४) कुनै उद्योगले साबिकमा जडित यन्त्र, उपकरणमा फेरबदल नगरी व्यवस्थापकीय दक्षता अभिवृद्धि गरी प्रक्षेपित उत्पादनभन्दा बढी उत्पादन गरेकोमा क्षमता वृद्धि गरेको मानिने छैन।"

(५) दफा १५ को,-

(क) उपदफा (१) को खण्ड (क), (ख), (ग), (घ) र (ङ) को सट्टा देहायको खण्ड (क), (ख), (ग), (घ) र (ङ) राखिएका छन् :-

"(क) **<u>लघु उद्यम</u>**: देहायको अवस्था भएको उद्योगलाई लघु उद्यम मानिनेछः-

(१) घर जग्गा बाहेक बढीमा बिस लाख रुपैयाँसम्मको स्थिर पुँजी रहेको,

(२) उद्यमी स्वयं उद्योगको सञ्चालन र व्यवस्थापनमा संलग्न रहेको,

(३) उद्यमी सहित बढीमा नौं जनासम्म कामदार रहेको,

(४) वार्षिक कारोबार एक करोड रुपैयाँभन्दा कम रहेको,

(५) इञ्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा इञ्जिन, उपकरण वा मेसिनमा खपत हुने विद्युतीय ऊर्जा, इन्धन वा अन्य तेल इञ्जिनको क्षमता बीस किलोवाट वा सोभन्दा कम रहेको।

(ख) **<u>घरेलु उद्योग</u>**: देहायको अवस्था भएको उद्योगलाई घरेलु उद्योग मानिनेछः-

(१) परम्परागत सीप र प्रविधिमा आधारित,

(२) श्रममूलक र खास सीप वा स्थानीय कच्चा पदार्थ एवं स्थानीय प्रविधि, कला तथा संस्कृतिमा आधारित,

(३) इञ्जिन, उपकरण वा मेसिनको प्रयोग गरेको भएमा बढीमा पचास किलोवाटसम्मको क्षमताको विद्युतीय ऊर्जा प्रयोग गरेको,

(४) अनुसूची-२ मा उल्लेख भए बमोजिमका उद्योगहरु।

(ग) **<u>साना उद्योग</u>**ः लघु उद्यम र घरेलु उद्योग बाहेकको पन्ध्र करोड रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योग।

(घ) **<u>मझौला उद्योग</u>**ः पन्ध्र करोड रुपैंयाभन्दा बढी पचास करोड रुपैयाँसम्म स्थिर पुँजी भएको उद्योग।

(ङ) **<u>ठूला उद्योग</u>**ः पचास करोड रुपैयाँभन्दा बढी स्थिर पुँजी भएको उद्योग।"

(ख) उपदफा (२) को खण्ड (ङ) मा रहेको "निर्माण उद्योग" भन्ने शब्दहरुको सट्टा "पूर्वाधार उद्योग" भन्ने शब्दहरु राखिएका छन्।

(ग) उपदफा (७) हटाइएको छ।

(६) दफा १५ पछि देहायको दफा १५क. थपिएको छः-

"**१५क. <u>उद्योग दर्ता गर्ने निकाय</u>**ः (१) यस ऐन बमोजिम उद्योग दर्ता गर्ने सम्बन्धित निकाय देहाय बमोजिम हुनेछः-

(क) घरजग्गा बाहेक पाँच लाख

रुपैयाँसम्मको स्थिर पुँजी भएको
लघु उद्यम उद्योग - स्थानीय तहमा,

(ख) खण्ड (क) बाहेकको लघु उद्यम
- घरेलु उद्योग र साना उद्योग कार्यालयमा,

(ग) मझौला उद्योग र ठूला उद्योग
- निर्देशनालयमा।"

(२) उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि रात्रिकालीन बासको व्यवस्था गर्ने गरी स्थापना भएका जुनसुकै होटल व्यवसाय वा त्यस्तो उद्योग गर्ने होटल, होमस्टे वा यस्तै प्रकृतिका कुनै पनि होटलहरु स्थानीय तहमा दर्ता हुने छैन्।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो दफा प्रारम्भ हुनु अघि रात्रिकालीन बासको सुविधा प्रदान गर्ने गरी स्थापना भएका प्रदेशभित्रका कुनै पनि होटल, होमस्टे वा यस्तै प्रकृतिका पर्यटन व्यवसाय गर्ने होटल स्थानीय तहमा दर्ता भएको भए यो उपदफा प्रारम्भ भएको तीन महिनाभित्र प्रदेशको पर्यटन हेर्ने सम्बन्धित कार्यालयमा दर्ता गर्नु पर्नेछ। यसरी सो अवधिभित्र दर्ता नगर्ने होटललाई प्रचलित कानून बमोजिम कारबाही हुनेछ।

(४) उपदफा (१) को खण्ड (क) र (ग) बाहेकका विषयगत उद्योग दर्ता गर्ने सम्बन्धित निकाय देहाय बमोजिम हुनेछः-

(क) पर्यटन उद्योग एवं व्यवसायको हकमा सम्बन्धित पर्यटन हेर्ने कार्यालय,

(ख) वन पैदावारमा आधारित उद्योग एवं व्यवसायको हकमा सम्बन्धित डिभिजन वन कार्यालय,

(ग) सूचना, प्रसारण तथा सञ्चार प्रविधिमा आधारित उद्योग एवं व्यवसायको हकमा सञ्चार रजिष्ट्रारको कार्यालय,

(घ) खण्ड (क), (ख) र (ग) बाहेक बाँकी अन्य सबै उद्योग एवं व्यवसायको हकमा सम्बन्धित घरेलु तथा साना उद्योग कार्यालय।

(५) यो दफा प्रारम्भ हुँदाका बखत घरेलु तथा साना उद्योग कार्यालयमा दर्ता भएका उद्योगको फाइल एवं विवरण यो दफा प्रारम्भ भएको छ महिनाभित्र उपदफा (२) बमोजिमको निकायलाई हस्तान्तरण गर्नु पर्नेछ।"

(७) दफा १८ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएको छः-

"(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला, दलित तथा पूर्ण अशक्त, अति अशक्त र मध्यम अपाङ्गता भएको उद्यमीको मात्र स्वामित्व रहने गरी उद्योग वा फर्म दर्ता गराएमा त्यस्तो उद्योग वा फर्म दर्ता गर्दा कानून बमोजिम लाग्ने दस्तुर वा शुल्कमा पचास प्रतिशत छुट हुनेछ।"

(८) दफा २६ को,-

(क) उपदफा (३) मा रहेको "बमोजिम" भन्ने शब्द पछि "जुनसुकै" भन्ने शब्द थपी खण्ड (क), (ख) र (ग)

को सट्टा देहायको खण्ड (क) र (ख) राखिएका छन्ः-

"(क) उद्योगको स्तर यकिन गरी लघु उद्यम स्तरको भए दस हजार रूपैयाँदेखि पच्चीस हजार रुपैयाँसम्म, घरेलु तथा साना उद्योग स्तर भएमा पच्चीस हजार रूपैयाँदेखि एक लाख रुपैयाँसम्म, मझौला तथा ठूला उद्योगस्तर भएमा एक लाख रूपैयाँदेखि तीनलाख रुपैयाँसम्म जरिबाना गरी बढीमा तीस दिनको समयावधि तोकि उद्योग दर्ता गर्न आदेश दिन सक्नेछ।

तर लघु र घरेलु उद्योगको हकमा सञ्चालन भएको छ महिनाभित्र दर्ता गराउने व्यवस्था भएकोले त्यस्ता उद्योगको हकमा सो अवधिसम्मका लागि यो खण्ड लागू हुने छैन।

(ख) खण्ड (क) बमोजिम कारबाही भई प्रदान गरेको समयावधिभित्र त्यस्तो उद्योगले उद्योग दर्ता नगराएमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायको सिफारिसमा त्यस्तो निकायको तालुक मन्त्रालयले त्यस्तो उद्योग बन्द गर्न आदेश दिन सक्नेछ।"

(ख) उपदफा (३) पछि देहायको उपदफा (३क) थपिएको छः-

"(३क) कुनै उद्योगले दफा ११ बमोजिम स्वीकृति नलिई उद्योगको स्थानान्तरण गरेमा वा

दफा ११क. बमोजिम स्वीकृति नलिई पुँजी वृद्धि, क्षमता वृद्धि गर्न, उद्देश्य थप वा परिवर्तन वा हेरफेर गरेमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायको सिफारिसमा त्यस्तो निकायको तालुक मन्त्रालयले देहायको कुनै जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा पाँच हजार रूपैयाँ,

(ख) घरेलु तथा साना उद्योगको हकमा पच्चीस हजार रूपैयाँदेखि पचास हजार रुपैँयासम्म,

(ग) मझौला र ठूला उद्योगको हकमा एक लाख रूपैयाँदेखि तीन लाख रुपैयाँसम्म,

(घ) दफा ७ बमोजिम सहमति आवश्यक पर्ने उद्योगको हकमा खण्ड (ख) वा (ग) बमोजिम लाग्ने जरिबानामा शतप्रतिशत थप जरिबाना।"

(ग) उपदफा (५) को सट्टा देहायको उपदफा (५) राखिएको छः-

"(५) कुनै उद्योगले उद्योग दर्ता प्रमाणपत्रमा उल्लिखित सर्तको पालना तथा उद्देश्य विपरीत कार्य गरेमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायको सिफारिसमा त्यस्तो निकायको तालुक मन्त्रालयले त्यस्तो उद्योगलाई देहाय बमोजिमको जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यमको हकमा पच्चीस हजार रूपैयाँदेखि एक लाख रुपैयाँसम्म,

(ख) घरेलु तथा साना उद्योगको हकमा दुई लाख रूपैयाँदेखि पाँच लाख रुपैयाँसम्म,

(ग) मझौला उद्योगको हकमा पाँच लाख रूपैयाँदेखि दशलाख रुपैयाँसम्म,

(घ) ठूला उद्योगको हकमा पन्ध्र लाख रूपैयाँदेखि तीस लाख रुपैंयाँसम्म।"

(घ) उपदफा (५) पछि देहायको उपदफा (६) र (७) राखिएका छन्:-

"(६) कुनै उद्योगले यस ऐन बमोजिम प्रदान गरेको प्रोत्साहन सुविधा, छुट वा यस्तै जुनसुकै सहुलियतको दुरुपयोग गरेमा सम्बन्धित उद्योग दर्ता गर्ने निकायको सिफारिसमा त्यस्तो निकायको तालुक मन्त्रालयले त्यस्तो उद्योगलाई उपलब्ध गराएको प्रोत्साहन सुविधा, छुट वा सहुलियत तत्काल रोक्का गरी त्यसरी उपलब्ध गराएको प्रोत्साहन सुविधा, छुट वा सहुलियत बराबरको रकम समेत असूल गर्न वा सो बराबरको रकम जरिबाना गर्नेछ।

(७) यस दफामा लेखिएदेखि बाहेक यो ऐन तथा यस ऐन बमोजिम बनेको नियम विपरीत अन्य कुनै काम गर्ने वा सम्बन्धित उद्योग दर्ता गर्ने निकाय वा त्यस्तो निकायको तालुक मन्त्रालयले दिएको निर्देशन पालना नगर्ने उद्योगलाई उद्योग

दर्ता गर्ने निकायको सिफारिसमा मन्त्रालयले देहाय बमोजिम जरिबाना गर्न सक्नेछः-

(क) लघु उद्यम भए पन्ध्र हजार रुपैयाँसम्म,

(ख) घरेलु उद्योग र साना उद्योग भए पन्ध्र हजार रूपैयाँदेखि तीस हजार रुपैंयासम्म,

(ग) मझौला उद्योग भए तीस हजार रूपैयाँदेखि पचास हजार रुपैयाँसम्म,

(घ) ठूला उद्योग भए पचास हजार रूपैयाँदेखि एक लाख रुपैंयासम्म।"

(९) दफा २८ मा रहेको "उच्च" भन्ने शब्दको सट्टा "जिल्ला" भन्ने शब्द राखिएको छ।

(१०) दफा ४१ पछि देहायको दफा ४१क. थपिएको छः-

"**४१क.** **विवरण पेस गर्नु पर्नेः** (१) यस ऐन बमोजिम उद्योग दर्ता गर्ने सम्बन्धित निकायले उद्योग हेर्ने निर्देशनालयलाई उद्योगको दर्ता, नवीकरण लगायतको उद्योग सम्बन्धी भए गरेका तथ्याङ्कको विवरण मासिक रुपमा पठाउनु पर्नेछ।

(२) उद्योग दर्ता गर्ने सम्बन्धित निकाय उद्योग क्षेत्रको विषयको हकमा उद्योग हेर्ने मन्त्रालयसँग प्रत्यक्ष रुपमा उत्तरदायी हुनेछ।"

(११) देहायको अनुसूचीमा देहाय बमोजिम गरिएको छः-

(क) अनुसूची-१ को,-

(१) क्रम सङ्ख्या (६) को सट्टा देहायको क्रम सङ्ख्या (६) राखिएको छः-

"(६) खानी अन्वेषण गर्ने उद्योग,"

(२) क्रम सङ्ख्या (८) को सट्टा देहायको क्रम संङ्ख्या (८) राखिएको छः-

"(८) यस ऐनमा उल्लेख नभएका तर सङ्घीय सरकारबाट प्रदेशलाई हस्तान्तरण भई आएका जुनसुकै उद्योग तथा प्रचलित कानून बमोजिम अनुमति/सहमति लिनु पर्ने उद्योग।"

(ख) अनुसूची-३ मा क्रम सङ्ख्या (२) पछि देहायको क्रम सङ्ख्या (३), (४) र (५) राखिएका छन्ः-

"(३) वायो ग्याँसमा आधारित ऊर्जा,

(४) चिनी उद्योगको सह उत्पादनको रुपमा उत्पादन हुने विद्युतीय ऊर्जा,

(५) ऊर्जाको सम्भाव्यता अध्ययन गर्ने।"

(ग) अनुसूची-४ को,-

(१) क्रम सङ्ख्या (२) को सट्टा देहायको क्रमसङ्ख्या (२) राखिएको छः-

"(२) खाद्य वस्तुको उत्पादन र प्रशोधन तथा भण्डारण,"

(२) क्रम सङ्ख्या (५) पछि देहायको क्रम सङ्ख्या (५क) थपिएको छः-

"(५क) कृषि उपज प्रमुख कच्चा पदार्थ हुने पशुपंक्षीको दाना उत्पादन उद्योग,"

(३) क्रम सङ्ख्या (१५) को सट्टा देहायको क्रम सङ्ख्या (१५) राखिएको छ :-

"(१५) नर्सरी व्यवसाय, वनस्पति उद्यान स्थापना, संरक्षण तथा व्यवस्थापन, वनस्पति प्रजनन् व्यवसाय (टिस्यु कल्चर समेत)," भन्ने शब्दहरु राखिएका छन्।

(४) क्रम सङ्ख्या (२३) को सट्टा देहायको क्रम सङ्ख्या (२३) राखिएको छः-

"(२३) कागज, रेजिन लगायत गैर काष्ठजन्य वन पैदावारमा आधारित उद्योग,"

(५) क्रम सङ्ख्या (२५) को सट्टा देहायको क्रम सङ्ख्या (२५) राखिएको छः-

"(२५) समिल, फर्निचर तथा वन पैदावारमा आधारित काष्ठ उद्योग,"

(६) क्रम सङ्ख्या (२७) पछि देहायको क्रम सङ्ख्या (२८) र (२९) राखिएका छन्ः-

"(२८) च्याउ, नयाँ प्रविधिद्वारा बिरुवा उत्पादन गर्ने उद्योग (टिस्यू कल्चर), ऐग्रोफरेष्ट

(२९) कपास खेती, कपास र कपासको बिउ उत्पादन तथा प्रशोधन गर्ने।"

(घ) अनुसूची-५ को,-

(१) क्रम सङ्ख्या (१३) को सट्टा देहायको क्रम सङ्ख्या (१३) राखिएको छः-

"(१३) फिल्म स्टुडियो निर्माण, फिल्म सिटी निर्माण,"

(२) क्रम सङ्ख्या (१५) पछि देहायको क्रम सङ्ख्या (१६) र (१७) राखिएका छन्:-

"(१६) निजी वेयर हाउस,

(१७) प्रादेशिक ऊर्जा घर तथा ऊर्जा प्रसारण लाइनको पूर्वाधार निर्माण व्यवस्था तथा सञ्चालन ।"

(ङ) अनुसूची-६ को,-

(१) क्रम सङ्ख्या (३) को सट्टा देहायको क्रम सङ्ख्या (३) राखिएको छः-

"(३) ट्राभल एण्ड टुर्स, ट्राभल ऐजेन्सी,"

(२) क्रम सङ्ख्या (४) को अन्तिममा "जिप लाईन" भन्ने शब्दहरु थपिएका छन्।

(३) क्रम सङ्ख्या (४) पछि देहायको क्रम सङ्ख्या (४क) थपिएको छः-

"(४क) केबलकारको निर्माण गरी सञ्चालन गर्ने उद्योग,"

(४) क्रम सङ्ख्या (८) को सट्टा देहायको क्रम सङ्ख्या (८) राखिएको छः-

"(८) मनोरञ्जन पार्क, भ्यू टावर, वाटर पार्क,"

(५) क्रम सङ्ख्या (११) पछि देहायको क्रम सङ्ख्या (१२) थपिएको छः-

"(१२) सङ्ग्राहलय।"

(च) अनुसूची-७ को,-

(१) खण्ड (क) को क्रम सङ्ख्या (९) पछि देहायको क्रम सङ्ख्या (१०), (११) र (१२) थपिएका छन्ः-

"(१०) डाटा सेन्टर, डाटा माइनिङ, क्लाउड कम्प्युटिङ,

(११) डिजीटल सिग्नेचर सर्टिफाइङ्ग एजेन्सी,

(१२) वेब पोर्टल, वेब डिजाइन सेवा, वेब होस्टिङ, अनलाइन वर्गीकृत विज्ञापन।"

(२) खण्ड (ख) को,-

(१) क्रम सङ्ख्या (१) मा रहेको "१०० वाट वा सो" भन्ने अङ्क र शब्दहरुको सट्टा "१००० वाट" भन्ने अङ्क र शब्दहरु राखिएका छन्।

(२) क्रम सङ्ख्या (४) को सट्टा देहायको क्रम सङ्ख्या (४) राखिएको छः-

"(४) चलचित्र वा वृतचित्र निर्माण, वितरण र प्रसारण सम्बन्धी,"

(३) क्रम सङ्ख्या (७) को सट्टा देहायको क्रम सङ्ख्या (७) राखिएको छः-

"(७) इन्टरनेट,आइ.पी. टेलिभिजन, अनलाइन सेवा।"

(छ) अनुसूची-८ को,-

(१) क्रमसङ्ख्या (१४) को सट्टा देहायको क्रम सङ्ख्या (१४) राखिएको छः-

"(१४) खेलकुद सेवा, स्वीमिङ्ग पुल,"

(२) क्रम सङ्ख्या (३८) को सट्टा देहायको क्रम सङ्ख्या (३८) राखिएको छः-

"(३८) पानी प्रशोधन, पानी ढुवानी तथा वितरण सेवा,"

(३) क्रम सङ्ख्या (५०) को सट्टा देहायको क्रम सङ्ख्या (५०) राखिएको छः-

"(५०) क्याटरिङ्ग, घुम्ती खाद्य स्टल, फुड कोर्ट, पार्टि प्यालेस"

(४) क्रम सङ्ख्या (६१) पछि देहायको क्रम सङ्ख्या (६२), (६३), (६४) र (६५) थपिएका छन्ः-

"(६२) सर्भिस अपार्टमेन्ट,

(६३) उपकरण मर्मत तथा जडान, प्रविधि तथा आविष्कार केन्द्र, सुविधायुक्त कार्यस्थल,

(६४) विद्युत्तीय व्यापार (ई-कमर्श), अनलाईन सपिङ्ग व्यवसाय, विद्युतीय माध्यम (अनलाइन वा सफ्टवेयर वा एप्स वा यस्तै अन्य प्रकारको माध्यम) को प्रयोग गरी सर्वसाधारणलाई सेवा उपलब्ध गराउने उद्योग व्यवसाय,

(६५) प्रशोधन वा प्रक्रिया नगन्य रुपमा हुने कट टु लेन्थ सिट, फोटो फिल्म स्टिलिङ्ग, फोटो, पेपर स्टिलिङ्ग, टिस्यु पेपेर स्टिलिङ्ग, बल वियरिङ्ग एसेम्बली तथा बल्क रुपमा तयारी सामान आयात गरी रिप्याकिङ्ग गर्ने जस्ता सेवा व्यवसायहरु।"

१०. **<u>प्रदेश वातावरण संरक्षण ऐन, २०७७ मा संशोधन</u>**: प्रदेश वातावरण संरक्षण ऐन, २०७७ को,-

(१) दफा २ को खण्ड (ट) पछि देहायको खण्ड (ट१) थपिएको छः

"(ट१) "प्रचलित कानून" भन्नाले सो सम्बन्धी कानून प्रदेशमा भए प्रदेश कानून र नभए सङ्घीय कानून सम्झनु पर्छ।"

(२) दफा ३ को उपदफा (४) पछि देहायको उपदफा (५) थपिएको छः-

"(५) यस दफा बमोजिम प्रस्ताव पेस गर्दा प्रस्तावकले प्रस्तावसँग सम्बन्धित विषयगत मन्त्रालय वा अन्तरगतको कार्यालय मार्फत प्रस्ताव सहित निवेदन दिन सक्नेछ।"

(३) दफा ४ को,-

(१) उपदफा (१) मा रहेको "यस दफा" भन्ने शब्दहरुको सट्टा "दफा ३" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपदफा (२) को,-

(क) खण्ड (क) मा भएको "सरकारसँग" भन्ने शब्दको सट्टा "सरकारको अधिकार क्षेत्र भित्र पर्ने विषयसँग" भन्ने शब्दहरु थपिएका छन्।

(ख) खण्ड (ख) मा भएको "स्थानीय तहसँग" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग" भन्ने शब्दहरु थपिएका छन्।

(ग) खण्ड (घ) मा भएको "स्थानीय तहसँग" भन्ने शब्दहरुको सट्टा "स्थानीय तहको अधिकार क्षेत्रभित्र पर्ने विषयसँग" भन्ने शब्दहरु थपिएका छन्।

(४) दफा ६ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ ।

"(२) उपदफा (१) बमोजिम प्रतिवेदन तयारीको सिलसिलामा प्रस्ताव कार्यान्वयन हुने सम्बन्धित स्थानीय तह तथा त्यस क्षेत्रका शैक्षिक संस्था, स्वास्थ्य संस्था तथा सरोकारवाला व्यक्ति वा संस्थालाई सो प्रस्तावको कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभावको सम्बन्धमा संक्षिप्त वातावरणीय अध्ययनको हकमा सात दिन र प्रारम्भिक वातावरणीय परीक्षण एवं वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा पन्ध्र दिनभित्र लिखित सुझाव दिनको लागि त्यस्तो प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थानीय तह, शैक्षिक संस्था, स्वास्थ्य संस्था, सरोकारवाला व्यक्ति वा संस्थामा सबैले देखिने गरी अनुसूची-११ मा तोके बमोजिमको सूचना टाँस गरी मुचुल्का तयार गर्नु पर्नेछ र

सोही बमोजिमको सूचना संक्षिप्त वातावरणीय अध्ययनको हकमा कम्तीमा स्थानीय स्तरको कुनै एक राष्ट्रिय दैनिक पत्रिका र प्रारम्भिक वातावरणीय परीक्षण एवं वातावरणीय प्रभाव मूल्याङ्कनको हकमा राष्ट्रियस्तरको कुनै एक दैनिक पत्रिकामा प्रकाशन गर्नु पर्नेछ।"

(५) दफा २८ मा रहेको "उच्च" भन्ने शब्दको सट्टा "जिल्ला" भन्ने शब्द राखिएको छ।

(६) दफा ३२ पछि देहायको दफा ३२क. थपिएको छः-

"३२क. <u>अनुगमन एवं प्रतिवेदन गर्नेः</u> (१) यस ऐन तथा यस ऐन बमोजिम बनेको नियमावली बमोजिम सम्बन्धित मन्त्रालय वा स्थानीय निकायबाट कार्यान्वयन हुने वातावरणीय अध्ययन प्रतिवेदनको सम्बन्धमा त्यस्तो निकायले प्रतिवेदन स्वीकृत भएको प्रत्येक वर्ष अनुगमन गरी सोको प्रतिवेदन मन्त्रालयमा पेस गर्नु पर्नेछ।

(२) मन्त्रालयले यस ऐन बमोजिम कुनै पनि निकायबाट कार्यान्वयन हुने वातावरणीय अध्ययन प्रतिवेदनको सम्बन्धमा जुनसुकै बेला अनुगमन गर्ने एवं सो सम्बन्धमा प्रतिवेदन बमोजिमका वातावरणीय व्यवस्थापन योजना लगायतका अन्य विषयमा कार्यान्वयन नभएको पाइएमा तत्काल सम्बन्धित निकायलाई कार्यान्वयनको लागि निर्देशन गर्न सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम गरिएको प्रतिवेदनबाट प्राप्त प्रतिवेदन कार्यान्वयनको अवस्थालाई समेटी सो सम्बन्धमा मन्त्रालयको राय एवं सुझाव समेत समेटी वार्षिक

रुपमा एकीकृत प्रतिवेदन प्रकाशन गरी सार्वजनिक गर्नु पर्नेछ।"

(७) दफा ३३ को सट्टा देहायको दफा ३३ राखिएको छः-

"३३. **अधिकार प्रत्यायोजनः** (१) मन्त्रालयले यस ऐन बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये केही अधिकार प्रदेश सरकारको कुनै निकाय, वातावरण निरीक्षक वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

तर दण्ड जरिबाना सम्बन्धी अधिकार प्रत्योजन गर्न पाइने छैन ।

(२) उपदफा (१) बाहेक प्रस्तावसँग सम्बन्धित अन्य मन्त्रालयले आवश्यक ठानेमा दफा ४ को उपदफा (२) को खण्ड (ग) सँग सम्बन्धित संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृतिका लागि मातहतको आफ्नो निकायलाई अधिकार प्रत्यायोजन गर्न सक्नेछ।"

(८) अनुसूची-१ को क्रम सङ्ख्या (ख) र (ग) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ ।

"तर यो संशोधन प्रारम्भ हुनुभन्दा पहिले दर्ता भएका वा निर्माण सुचारु भइरहेका प्रस्तावको हकमा एक वर्षभित्र संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गराउनु पर्नेछ।"

**आज्ञाले,**
**नारायण प्रसाद शर्मा**
**प्रदेश सरकारको सचिव**

प्रमाणीकरण मितिः २०७९।०४।३०



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु. १५।-